## निर्णयहरु:

### निर्णय नं. १

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य, प्रगति र प्राप्त उपलव्धीका सम्वन्धमा समीक्षात्मक छलफल गरियो । चालु आर्थिक वर्षको दुई चौमासिक अवधि व्यथित भइरहँदा संघतर्फको पूँजिगत खर्च २८.४८ प्रतिशत र प्रदेश तर्फको पूँजिगत खर्च १०.६६ प्रतिशत मात्र हुनुले यस आ.व. बाँकी अवधिमा हामीले घोषित लक्ष्य प्राप्तिका अझ थुप्रै मिहेनत गर्नु पर्ने देखिएको छ । तसर्थ सम्वन्धित सबै कार्यालयका प्रमुखहरुले तोकिएको भौतिक तथा वित्तीय प्रगति हासिल गर्न बाँकी अवधिको कार्ययोजना बनाएर तदारुकताका साथ कार्य सम्पादन गर्ने ।

### निर्णय नं. २

यस अघि कार्यालय प्रमुखको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षात्मक छलफल गरियो । उक्त निर्णयहरुको तदारुकताका साथ कार्यान्वयन गर्न जरुरी रहेको महसुश भयो ।

### निर्णय नं. ३

सबै कार्यालयहरुले सबै कर्मचारीहरुलाई स्थायी लेखा नम्वर लिन लगाउने र अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाई सोको प्रगति विवरण आगामी कार्यालय प्रमुखको बैठकमा पेश गर्ने भनिएकोमा अधिकांश कार्यालयहरुले अद्यापि गरेको नपाइएकोले अनिवार्य रुपमा कार्यान्वयन गरी आगामी बैठकमा प्रगति विवरण पेश गर्ने ।

### निर्णय नं. ४

यस जिल्लामा सुख्खा याममा हुन सक्ने हावा, हुरी, हुण्डरी, डडेलो, आगजनी, चट्याङ जस्ता विपदजन्य घटनाका सम्भावनालाई मध्यनजर गरी सबै सरोकारवाला निकायहरुले आपसी समन्वयमा उच्च सतर्कताका साथ तयारी अवस्थामा रहने । सरोकारवाला निकायहरुले वन डढेलो र सोबाट हुने क्षति न्यूनीकरणका सबै उपायहरु अवलम्वन गर्ने ।

### निर्णय नं.५

कार्यालय प्रमुखहरुले सरकारी वा निजी कामको सिलसिलामा जिल्ला बाहिर जाँदा कार्यालय व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाई प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएर मात्र जाने र सार्वजनिक बिदाका दिनमा सरकारी कामका निम्ति अनिवार्य रुपमा सवारी पास लिएर मात्र सवारी साधन सञ्चालन गर्ने ।

### निर्णय नं. ६

कार्यालय प्रमुखहरुले कार्यालयमा समयपालना, अनुशासन, सदाचार प्रवर्द्धन र पेशागत आचरण कायम राख्न विशेष ध्यान दिने । वित्तीय अनुशासन र उत्तरदायित्व कायम राख्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई कसिलो बनाउने । सकारात्मक सोच सहित सुधारको कार्ययोजना बनाएर परिवर्तनका निम्ति विशेष पहलकदमी लिने । सेवा प्रवाह र सुशासनका सन्दर्भमा यस अघिका बैठकबाट भएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने ।